# नेपाल उद्योग वाणिज्य महासंघ

**Federation of Nepalese Chambers of Commerce & Industry**

FNCCI


पत्र संख्या: एजिएम १ - ४७/६९ ( ३ )

२०६९/११/२३

**श्री सदस्य महानुभावहरु,**
**नेउवामहासंघ ।**

**बिषय: नेपाल उद्योग वाणिज्य महासंघको ४७ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०६९ को सूचना ।**

महोदय,

यस महासंघको विधान (पाँचौं संशोधन) को दफा २५.३ अनुसार महासंघको वार्षिक साधारण सभा प्रत्येक वर्षको चैत्र मसान्त भित्र सम्पन्न गरी सक्नु पर्ने प्रावधान अनुसार मिति २०६९ साल फागुन ६ गते बसेको महासंघको कार्यकारिणी समितिको एघारौं वैठकले महासंघको **४७ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०६९ यही २०६९ साल चैत्र २८ गते, बुधबार (Wednesday, April 10, 2013) नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौंमा विहान ०८:०० बजे** देखि शुरु हुने निर्णय गरेको व्यहोरा सहर्ष जानकारी गराउन चाहान्छु ।

यस अनुसार महासंघको ४७ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०६९ सम्वन्धी भएका व्यवस्था एवं संक्षिप्त कार्यक्रम यसै साथ पठाएको छु । ४७ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०६९ मा भाग लिन आवश्यक व्यवस्थाको लागि सादर अनुरोध गर्दछु ।

१. **सभामा प्रतिनिधित्व:**

१. जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सम्बन्धमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ। अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा महासंघको विधानको दफा २९(३) अनुसार सम्बन्धित संघको कार्यकारिणी समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्ने व्यवस्था भए अनुसार सो सम्बन्धी गरेको निर्णयको प्रमाणित प्रतिलिपि प्रतिनिधिपत्र दर्ताको समयमा पेश गर्नु पर्नेछ ।

२ एशोसिएट सदस्यको हकमा संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्यका साथै कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रुपमा मनोनयन गरी पठाउनु पर्नेछ ।

३ ४७ औं वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिमण्डलको लागि भर्नु पर्ने प्रतिनिधि पत्र यसै साथ संलग्न छ । उक्त प्रतिनिधि पत्र वार्षिक साधारण सभा हुनु भन्दा **१० दिन अगाडी अर्थात यही चैत्र १८ गते**भित्र महासंघको सचिवालय टेकूमा दर्ता भएमा फोटो सहितको प्रतिनिधिपत्रको व्यवस्थाका साथै लाग्ने प्रतिनिधि शुल्कमा रु. २००। (दुई सय) छुट हुने व्यवस्था रहेको छ ।

४. **चैत्र १८ गते भन्दा पछि र चैत्र २८ गते विहान ८:०० बजेसम्म दर्ता हुने प्रतिनिधिको प्रतिनिधि पत्रमा फोटोको व्यवस्था नहुनुको साथै प्रतिनिधि शुल्कमा पनि छुट हुने छैन ।**

क्रमश:.....२


P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

http://www.fncci.org


STOP Child Labour

५. **महासंघका सदस्य संघ संस्थाहरु जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघहरुले एक मुख्य प्रतिनिधि, एक अतिरिक्त प्रतिनिधि समेत गरी ४ जनासम्मको प्रतिनिधिमण्डल पठाउन सक्ने छन्। द्विराष्ट्रिय उद्योग वाणिज्य संघ एवं एशोसिएटको हकमा २ जनासम्मको प्रतिनिधिमण्डलको व्यवस्था गरिएको छ।**

६. **प्रतिनिधिको शुल्क सम्बन्धमा जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ तथा वस्तुगत संघबाट आउने २ जना प्रतिनिधिसम्मलाई प्रति व्यक्ति रु. २०००। (दुई हजार) र २ जनाभन्दा बढी प्रतिनिधि हुने भए प्रति व्यक्ति रु. २५००। (दुई हजार पांच सय) शुल्क लाग्ने व्यवस्था गरिएको छ।**

७. **द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएटबाट आउने प्रतिनिधिको लागि १ जनाको रु. २०००। (दुई हजार) र अर्को १ जना प्रतिनिधि आएमा रु. २५००। (दुई हजार पांच सय) शुल्क लाग्ने व्यवस्था रहेको छ।**

२. **वार्षिक सदस्यता शुल्क सम्बन्धमा**

१. सदस्यहरुले ४७ औं वार्षिक साधारण सभामा भाग लिनको लागि आ.व. २०६९/७० सम्मको वार्षिक सदस्यता शुल्क बुझाउनु पर्नेछ। अतः वार्षिक सदस्यता शुल्कका साथै प्रतिनिधि पत्र सबै सदस्य संघ/संस्थाहरुले यही **२०६९ साल चैत्र १८ गतेसम्म**मा बुझाउनु भई लाग्ने प्रतिनिधि शुल्कमा रु. २०० (दुई सय) छुट लिने व्यवस्थाको लागि अनुरोध गर्दछु।

३. **प्रस्तावः**

४७ औं वार्षिक साधारण सभामा विचारार्थ पेश गर्नुपर्ने प्रस्तावहरु भएमा महासंघको सचिवालयमा **२०६९ साल चैत्र १५ गते** भित्र आई पुग्ने गरी पठाउनु हुन अनुरोध छ।

उपरोक्त व्यवस्था अनुसार प्रतिनिधिहरुको फोटो एवं शुल्क सहित प्रतिनिधिपत्र चैत्र १८ गते भित्र दर्ता गराई सहयोग गरिदिनु हुन सादर अनुरोध गर्दछु।

**संलग्नः**

१. महानिर्देशकबाट प्रस्तुत हुने वार्षिक प्रतिवेदन
२. आ.व. २०६८/६९ को वासलात र लेखापरीक्षकको प्रतिवेदन
३. प्रतिनिधि पत्र थान १ (एक)।

भवदीय,

(हेमन्त दवाडी)
महानिर्देशक

**बोधार्थः**
श्री अध्यक्षज्यू, नेउवामहासंघ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरु, नेउवामहासंघ।

**विशेष ध्यानाकर्षण :**

**४७ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०६९ हुनु भन्दा एक दिन अगाडी अर्थात चैत्र २७ गते मंगलबार दिउसो २:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म महासंघका सम्वन्धित क्षेत्रका उपाध्यक्षज्यूको संयोजकत्वमा जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र एशोसिएट क्षेत्रका सहभागिहरु वीच छुट्टाछुट्टै समूहगत छलफल हुने कार्यक्रम रहेको छ। उक्त कार्यक्रममा समेत उपस्थितिको लागि अनुरोध गर्दछु। क्षेत्र अनुसार छलफलबाट निस्केको निश्कर्षलाई सम्वन्धित क्षेत्रबाट समन्वय गर्नुहुने उपाध्यक्षज्यूबाट भोलिपल्ट हुने ४७ औं वार्षिक साधारण सभाको पूर्ण वैठकमा प्रस्तुत हुने कार्यक्रम रहेको छ।**